# जोशीपुर गाउँपालिका

# गाउँसभा बैठकमा

## गाउँपालिका उपाध्यक्ष श्री गीता कठरियाज्यू द्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को

# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका

जोशीपुर, कैलाली

१० आषाढ, २०७८

**गाउँ सभाध्यक्षज्यू,**

**जोशीपुर गाउँपालिकाका गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

**र रेडियो सुनेर बस्नु भएका आम जोशीपुर गाउँपालिकाबासीहरु,**

१. विश्वाव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड - १९) को संक्रमण कालिन अवस्थाको यस बिषम परिस्थितीमा म बजेट तथा कार्यक्रम तर्जुमा समितीको संयोजक तथा गाउँपालिका उपाध्यक्षको हैसियतले जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट बक्तव्य पाँचौ पटक प्रस्तुत गर्न पाउँदा एकातिर उत्साहित छु भने अर्कोतिर कोभिड १९ महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थामा आम जोशीपुर बासी तथा समग्र मानव जातीको स्वास्थ्यप्रति चिन्तित छु ।

२. लोकतन्त्रको स्थापना, राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, जनजीवीकाको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

३. हाल विश्वभर नै कोरोना भाइरस (कोभिड १९) का कारण लाखौं मानिसले ज्यान गुमाइसकेका छन् भने अरु लाखौ मानिस संक्रमित छन् र यो क्रम निरन्तर चलिरहेकै छ। यो महामारीबाट नेपाल समेत अछुतो रहन सकेको छैन, यो महामारीबाट हाम्रो जोशीपुर गाउँपालिका बासी लगायत नेपाल र नेपालबाहिर जीवन गुमाउनु हुने सबै नेपाली नागरिक प्रति भावपूर्ण श्रद्धाञ्जली र शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सबैलाई स्वास्थ्यलाभको कामना गर्दछु। साथै, आम गाउँपालिकाबासीमा सजगता अपनाई सङ्क्रमणबाट सुरक्षित रहन अनुरोध पनि गर्दछु ।

४. कोभिड १९ महामारी विरुद्धको लडाईमा अग्रपंक्तिमा खटिनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, अगुवा, वुद्धिजिवी, पत्रकार, राजनैतिक दलहरु, गैर सरकारी संघ संस्था र आम समुदायप्रति मेरो उच्च सम्मान प्रकट गर्दछु । कोभिड-१९ को संक्रमणका कारण यस जोशीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोशीपुर, कैलालीमा कार्यरत कृषि विकास शाखा प्रमुख हर्क बहादुर बम्म गुमाएका छौं। शाखा प्रमुखको हैसियतले कर्तव्य पालना र पालिकालाई उहाँले पुऱ्याउनुभएको योगदानको उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*चालु आ.व. को बजेट नीति तथा कार्यक्रमको समिक्षा*

५. विविध क्षेत्रगत योजना र उपलब्धिका साथै विगत वर्षहरुको तुलनामा चालु आर्थिक वर्षमा समग्र क्षेत्रमा सकारात्मक ढङ्गले अघि बढिरहेको अवस्थामा कोभिड-१९ नामक विश्वव्यापी महामारीको चपेटामा पर्दा समग्र वार्षिक प्रगति सोचाई अनुकुल तथा अपेक्षाकृत नहुने संकेत देखिएको छ। यस महामारीले हामी सामू समस्याका साथै सिकाई र अवसर पनि सृजना गरेको छ। विगतको अनुभव र सिकाई, वर्तमानको आधार र उत्प्रेरणाले भविष्य सुनौलो बनाउन सहयोगी हुने विश्वास मैले लिएको छु।

६. कोभिड-१९ का कारण आम जनजीवन प्रभावित हुनुका साथै पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ। बन्दाबन्दी र असहज जनजीवनले श्रम बजार, कृषि, साना उद्योग लगायतका क्षेत्रमा उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव परेको छ । जसका कारण आगामी दिनमा थप चुनौती उत्पन्न हुने र त्यसको सामनाका लागि थप तयारी गर्नुपर्ने देखिन्छ ।

७. भूमि सम्बन्धि समस्या सामाधान आयोगसँग भएको सम्झौता बमोजिम जोशीपुर गाउँपालिकाको लगत संकलन इकाईबाट लगत संकलन तथा प्रविष्टी गर्ने कार्य अगाडी बढाइ सकिएको छ । जसलाई चालु आर्थिक बर्षको ठूलो उपलब्धिका रुपमा लिन सकिन्छ ।

८. चालु आ.व.मा तय गरिएका कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न हुने स्थितीमा छन् भने केही गाउँपालिका स्तरीय योजनाहरु निर्माण व्यवसायीको लापरबाहीका कारण तथा केही केही योजनाहरु समय मै सम्झौता नगरी अन्तिममा सम्झौता तथा संशोधन गर्ने प्रचलनले गर्दा असारे विकासको आरोपबाट मुक्त रहन नसकेको अवस्था छ । आगामी दिनमा यो असारे विकासको आरोपबाट छुट्कारा पाउन समय मै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी र सरोकारवाला पक्षको सहयोग रहने विश्वास लिएको छु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

***सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी***

९. **सोचः** समृद्ध र समुन्नत जोशीपुर गाउँपालिकाको निर्माण गर्ने ।

१०. **लक्ष्यः** आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको पालिकामा रुपान्तरण हुँदै समृद्ध र समुन्नत गाउँपालिकाको आधारशिला निर्माण गर्ने ।

११. **उद्देश्य तथा अपेक्षित उपलब्धीः**

**क.** नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शिघ्र परिपूर्ती गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।

**ख.** उपलब्ध स्रोत-साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने ।

**ग.** चरम गरिवीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको शीघ्र उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्थाको निर्माण गर्ने ।

**घ.** गुणष्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास र अधुरा आयोजनाहरुको कार्यान्वयन गर्ने ।

**ङ.** विधीको शासन, सर्वजानिक सेवा प्रभावकारीता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकलाई प्रत्याभूती हुने सुशासन प्रवर्धन गर्ने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*मुख्य मुख्य आयोजना र क्रियाकलापहरु:*

१२. जनताका प्रतिनिधीलाई जनताप्रति उत्तरदायी र जनतासँग समग्र जोशीपुरको समानुपातिक तथा समावेसी विकासका लागि आर्थिक बर्षको विचमा प्रकट हुने जनताका माग संवोधन गर्न स्रोतको अभाव हुने विगतका आर्थिक बर्षहरुको अनुभवबाट पाठ सिक्दै आ.व. २०७८।७९ का लागि जनतासँग अध्यक्ष कार्यक्रम र महिला तथा लक्षित वर्गसँग उपाध्यक्ष कार्यक्रम तर्जुमा गरेको छु । सो कार्यक्रम कार्यविधीले तोकेको मापदण्ड बमोजिम कार्यन्वयन गर्ने गरी क्रमशः रु. ६४ लाख र रु. ३६ लाख विनियोजन गरेको छु ।

१३. जोशीपुर गाउँपालिकाको गौरवको योजनाको रुपमा रिंगरोड अन्तर्गत बन्कट्टा जिरो प्वाइन्टदेखि सिमरी हुँदै पकरिया खण्ड, लक्कडदेखि लक्कडमण्डी खण्ड निर्माण कार्य आ.व. २०७८।७९ मा अगाडी बढाइनेछ। जसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४. कोभिड १९ महामारी रोकथाम तथा नियन्त्रण गर्न साविकको प्रकोप व्यवस्थापन कोषमा जम्मा हुने रकममा बढोत्तरी हुने व्यवस्था मिलाएको छु ।

१५. जोशीपुर गाउँपालिका अन्तर्गत वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्न रु ४ करोड ५८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रुपमा तय गरिएका आयोजना र क्रियाकलापहरु प्रस्तुत गर्न गइरहेको छु ।

*आर्थिक विकास*

१६. आर्थिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने कृषि तथा पशु सेवा क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु.६० लाख विनियोजन गरेको छु ।

**क.** जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण जोड कार्यक्रमलाई निरन्तरता दिइनेछ। अनुदानमा उन्नत बीउ, रैथाने बीउ, तरकारी किट बीऊ, कृषि औजार, यन्त्र तथा प्रविधिहरु उपलब्ध गराइनेछ । वास्तविक कृषक पहिचान गरी अनुदान प्रदान गर्न कार्यविधी तर्जुमा गरी लागु गर्ने व्यवस्था मिलाएको छु ।

**ख.** कृषितर्फ "एक गाउँ एक प्राविधिक" कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ। माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

ग. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने विभिन्न बाली वस्तुको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

घ. कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेशामा आकर्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

ङ. उत्पादन, आय आर्जन, बाली विकास, व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

च. वृक्षारोपण कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा सञ्चालन गरी "Green Joshipur'' रुपमा चिनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

छ. पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै नश्ल सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

ज. व्यवसायिक पशुपालनका लागि भकारो सुधार, आहारको सुधार र कृषकको समय बचतका लागि घाँस स्रोत केन्द्र, गाउँ गाउँमा हिउँदे एवं वर्षे घाँसबाली विकास र डाले घाँस किम्बुको कटिङ नर्सरी, पोषणयुक्त पशु आहार निर्माण सम्बन्धि तालिम प्रदान गरिनेछ।

झ. स्थानीयस्तरमा उद्यमी सृजना गर्न इच्छुक उद्यमीहरुलाई प्रतिष्पर्धामार्फत छनौट गरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ। नयाँ लघु उद्यमीहरुको आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम प्रदान गरी सम्भाव्य उत्पादनका लागि प्रविधि हस्तान्तरण गरिनेछ।

ञ. पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न पर्यटन क्षेत्रको पहिचान गरी क्षेत्रगत योजना तर्जुमा गरिनेछ।

ट. प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ।

ठ. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

ड. गरिबीको रेखामूनि रहेका जनसंख्या, गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ।

ढ. कृषी हाटबजार तथा एकीकृत रुपमा व्यवस्थित मासु पसल संचालनमा उत्प्रेरित गरिनेछ।

ण. विभिन्न प्रकोप तथा संक्रामक रोगको कारणले हुने गरेको पशु धनको क्षतीमा राहत प्राप्तीका लागि पशु वीमा गर्न उत्प्रेरित गरिनेछ ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *सामाजिक विकास*

१७. गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने शिक्षा, स्वास्थ, महिला तथा बालबालिका, न्यायिक निरुपण, खानेपानी तथा सरसफाई, लक्षित वर्ग लगायत समग्र सामाजिक क्षेत्रको

विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु. १ करोड ६३ लाख विनियोजन गरेको छु ।

क. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ बाट पालिकालाई सुरक्षित राख्न विशेष सजगता अपनाई आइसोलेसन केन्द्र निर्माण, औषधी, उपकरण, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन गरी आम गाउँपालिकाबासीको जीउधनको सुरक्षामा विशेष जोड दिइनेछ। यसका लागि कोभिड-१९ नियन्त्रण कार्य योजना पुनरावलोकन र पुन:प्राथमिकीकरण गरी संस्थागत प्रणाली थप सुदृढिकरणका साथै योजनावद्ध तरिकाले कार्यान्वयन गरिनेछ।

ख. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवामा सबैको समतामूलक पहुँच हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ। संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धि नीतिलाई स्थानीयकरण गर्दै क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महमारी रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

ग. आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको अधिकारको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

घ. ग्रामीण क्षेत्रमा लुप्त रोगहरुको पहिचान र निदानका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सर्जिकल सामाग्री, औषधी तथा पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

ङ. पोषण प्रवर्द्धन तथा संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन पोषण झोला कार्यक्रमलाई निरन्तरता दिइनेछ।

च. नेपाल सरकारको विशेष अनुदानमा नमूना पोषण टोलका लागि सघन पोषण कार्यक्रम, पोषण आत्मनिर्भरताका लागि घरघरमा करेसाबारी निर्माण अनुदान, हरेक घरमा फलफूल विरुवा रोपन कार्यक्रम सञ्चालन गरिनेछ।

छ. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँचका लागि पालिका अस्पताल स्थापना गरी दीर्घ रोग तथा अन्य रोग निदान, ल्याब सेवा, एक्स-रे सेवा लगायतका सेवाको सुनिश्चित गरिनेछ।

ज. स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह हुने सेवाहरुलाई सबैको सहज पहुँच, अधिकतम जानकारी र अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कनलाई जोड दिइनेछ। महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन गरिनेछ।

झ. गाउँपालिकालाई पूर्ण खोपयुक्त, मातृ तथा शिशु मृत्युदरलाई शून्यमा झार्न विभिन्न निकायहरुसँगको सहकारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ। किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयमा सूचना केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।

ञ. स्वास्थ्य संस्था नभएका ४ वटा वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरी तोकिएका स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

ट. जोशीपुर गाउँपालिकालाई स्वास्थ्य वीमा वोर्डसँगको सहकार्यमा पूर्ण स्वास्थ्य विमित पालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

ठ. कोभिड-१९ का कारण प्रभावित शिक्षण सिकाईलाई वैकल्पिक विधिद्वारा परिपूर्ति गर्न वैकल्पिक माध्ययमबाट शिक्षण सामाग्री निर्माण गरी यो महामारीको प्रभाव नहटेसम्मका लागि वैकल्पिक शिक्षण कार्यक्रम अगाडि बढाइनेछ।

ड. शिक्षक तथा कर्मचारीलाई विद्यालयमा नियमित उपस्थित गराई शैक्षिक गुणस्तर कायम गर्न चालु आ.ब.मा पहिलो चरणमा माध्यमिक विद्यालयमा ई हाजिरी लागु गरिनेछ ।

ढ. संघीय सरकार र प्रदेश सरकारसँगको आवश्यक पहल तथा समन्वय गरी सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा वृद्धि गर्न नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धि तालिम सञ्चालन गरिनेछ।

ण. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ।

त. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा सरसफाई सामाग्री वितरण, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन तथा बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

थ. सामुदायिक विद्यालयलाई शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपातको आधारमा प्रदान गरिने अनुदानमा बढोत्तरी गरिनेछ । साथै स्थानीय पाठ्यक्रम र दश बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी लागू गरिनेछ।

द. राष्ट्रपति रनिङ शिल्डमा स्थानीय साझेदारी गरी खेलकूद प्रतियोगिताद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा टेवा पुऱ्याइनेछ।

ध. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, प्रति विद्यायल एक जना सहायक कर्मचारी र एक जना कार्यालय सहयोगीको सेवा सुविधा नेपाल सरकारले आ.ब. ०७८।७९ मा घोषणा गरे बमोजिम अपुग हुने रकम स्थानीय तहको आन्तरिक स्रोतबाट व्यहोरिने व्यवस्था मिलाईनेछ ।

न. नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता अनुरुप जोशीपुर गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्ययोजना सघन रुपमा कार्यान्वयन गरिनेछ।

ऩ. ज्ञान सीप भएर पनि बेरोजगार बस्नु परेका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा आयोजना सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ।

प. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

फ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

ब. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी योजना तथा कार्यक्रम ल्याइनेछ। लैंगिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झारिनेछ। लैंगिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरिनेछ।

भ. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ ।

म. समाजमा रहेका कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ। महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं पालिकास्तरीय महिला सञ्जाल स्थापना गरिनेछ।

य. जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा वित्तीय सुशासन कायम गर्न एकिकृत नगद संकलन तथा विलिङ् प्रणाली लागु गरिने छ।

र. जोशीपुर गाउँपालिकाका युवाहरुलाई हुन सक्ने सम्भावित दिर्घ रोगको जोखिम न्युनिकरण गर्न गाउँपालिका स्तरीय जिम क्लव सञ्चालन गरिनेछ।

र्. आदिवासी जनजातीहरुको उत्थान, सँस्कृतिक पहिचान, संरक्षण तथा सम्बर्धन गर्नका लागि सरोकारवालाहरुसँग छलफल गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

ल. दलित वर्ग, मुक्त कमैया, भूमीहिन सुकुम्वासी, मुक्त कमलरी, अपाङ्ग, मुस्लिम लगायतका सम्पूर्ण पिछडिएका वर्गलाई स्वरोजगारमुलक बनाई आयआर्जन बढाउने किसिमका सीपमूलक तालिम प्रदान गरि पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउने नीति लिइनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

***पूर्वाधार विकास***

१८. पूर्वाधार विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने सडक, भवन, घेरवार, तटवन्धन, अन्य सर्वजानिक निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

क. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका आयोजनाहरुमा अधिकतम् स्थानीय श्रम र सीपमा जोड दिइनेछ। शिक्षा, स्वास्थ्य, कृषि लगायतका कोभिड-१९ ले प्रभावित क्षेत्र लक्षित क्षेत्रगत कार्यक्रम ल्याइनेछ।

ख. भौतिक पूर्वाधार निर्माणका लागि अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदनलाई जोड दिइनेछ। निर्माणमा न्यूनतम् गुणस्तर मापन गर्न ल्याब स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

ग. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ चालु आ.व. मा घुसरी काँढा नदि र घैला नालामा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनिकरण र आवतवाजतमा सहजीकरण गरिनेछ।

घ. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ। शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ।

ङ. एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि कार्ययोजना बमोजिम हरित गाउँ निर्माण कार्यलाई अगाडी बढाइने छ।

च. जोशीपुर गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ।

छ. चालु आ.व.मा वडा नं. ४ र वडा नं. ६ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरिने छ। साथै वडा नं.१, २, ३, ५ र ७ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पर्ने बजेट माग गरिनेछ।

ज. चालु आ.व.मा सवै वडामा कम्तीमा एक वटा कालोपत्रे सडक निर्माण कार्य अगाडी बढाइनेछ।

झ. औद्योगिक ग्राम तथा गाउँपालिका स्तरिय खेलकुद मैदान निर्माणका लागि पहल गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

***वातावरण तथा विपद व्यवस्थापन***

१९. विकासको समसामयीक सवाल मध्ये दीगो विकास, विकासका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि संयुक्त राष्ट्र संघले समेत Cross Cutting मुद्दका रुपमा उठान गरेको वातावरण तथा विपद व्यवस्थापन क्षेत्र विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

क. कोभिड-१९ र प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषलाई वृद्धि गरिनेछ। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामाग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

ख. आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन्ध गरिनेछ।

ग. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

घ. हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनिकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ।

ङ. काँढा नदी र पथरैया नदीमा तटबन्धन गरी जीउधनको रक्षा गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग आग्रह गरिनेछ ।

च. भूउपयोग जोखिम न्युनिकरण योजना तर्जुमा गरी लागू गरिनेछ ।

श्रीमान् सभाध्यक्ष महोदय,

***संस्थागत विकास, सेवा प्रवाह र सुशासन***

२०. जोशीपुर गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम ७ करोड ८४ लाख २० हजार रुपैयाँ विनियोजन गरेको छु ।

क. सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ। पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा निरन्तरता आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

ख. गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन, आपसी समन्वय र साझेदारी गरिनेछ।

ग. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाउन ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र

प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि तालिमको पनि व्यवस्था गरिनेछ।

घ. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, भ्रमण कार्यक्रमहरु ल्याइनेछ। बजेट विनियोजन तथा योजना छनौटको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

ङ. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

च. स्थानीय तहको न्यायिक निरुपण र मेलमिलाप प्रवर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको स्थापना गरिनेछ ।

छ. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त बनाइनेछ।

ज. वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ। वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुद बनाइनेछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

झ. विषयगत शाखा तथा वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ लागू गरि कार्यपालिका बैठकमा छलफल गरिनेछ ।

ञ. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तय गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

ट. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टरको व्यवस्था गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरिनेछ।

ठ. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

ङ. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा कर्मचारीहरु अनुपस्थित हुने कार्यलाई दुरुत्साहित गर्न २०७८ श्रावण १ गतेदेखि विद्युतीय हाजिरी कडाईका साथ लागू गरिनेछ।

२१. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। ती निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

श्रीमान् सभाध्यक्ष महोदय,

अब म आ.ब. ०७८।७९ को अनुमानित व्यय र स्रोत व्यवस्थापनको खाका प्रस्तुत गर्न गइरहेको छु ।

२२. अनुमानित व्यय तथा स्रोत व्यवस्थापन

| आ.व. २०७८।७९ को स्रोत तथा व्यय अनुमान | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. १२ करोड ६२ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. ९० लाख ४९ हजार |
| संघीय राजश्व बाँडफाँड | रु. ७ करोड ६३ लाख ४० हजार |
| प्रदेश राजश्व बाँडफाँड | रु. २२ लाख ८० हजार |
| संघीय सर्शत अनुदान | रु. १६ करोड ४३ लाख |
| प्रदेश सर्शत अनुदान | रु. ४५ लाख |
| आन्तरिक आय | रु. २ करोड ४४ लाख १५ हजार |
| संघीय समपूरक अनुदान | रु. ४२ लाख |
| प्रदेश समपूरक अनुदान | रु. २ करोड ९७ लाख ८४ हजार |
| प्रदेश विषेश अनुदान | रु. ५० लाख |
| सामाजिक सुरक्षा अनुदान | रु. ७ करोड ४५ लाख |
| जम्मा | रु. ५२ करोड ५ लाख ६८ हजार |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !